# प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को उपाध्यक्ष मनोनयन गर्न गठित सिफारिस समितिको दरखास्त आह्वानसम्बन्धी सूचना।

**(प्रथम पटक प्रकाशित मिति: २०८३ भाद्र २७ गते)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को उपाध्यक्ष मनोनयन गर्न गठित सिफारिस समितिबाट मिति २०८३ भाद्र २५ गते स्वीकृत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को उपाध्यक्ष मनोनयन गर्न गठित सिफारिस समितिको बैठक तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८३ बमोजिम इच्छुक तथा योग्य नेपाली नागरिकले परिषद्को उपाध्यक्ष पदका लागि कार्यविधिको अनुसूची १ मा उल्लेख गरिएको ढाँचामा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिनभित्र शिक्षा तथा खेलकुद मन्त्रालय, सिंहदरबारको प्राविधिक शिक्षा शाखामा कार्यालय समयभित्र दरखास्त पेस गर्न आह्वान गरिएको छ। आवेदन गर्न पाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसपछि कार्यालय खुलेको दिनको कार्यालय समयभित्र आवेदन गर्न सकिनेछ। कार्यविधि मन्त्रालयको वेबसाइट www.moest.gov.np मा हेर्न सकिनेछ।